# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०५।२८ गते।

# प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादीहरु उषाकुमारी राम, राजेश्वर प्रसाद चौरसियासमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः-

- **प्रतिवादी उषा कुमारी रामले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ द्वारा परिभाषित कसुर समेत गरेको देखिँदा निज उपर दस्तुरको बहानामा राष्ट्रसेवकलाई घुस रिसवत दिएको रकम रु. ५०,०००।- र नक्कली तथा गलत कागजातबाट विद्यालयमा कार्यरत रही तलव भत्ता बुझिलिइ नेपाल सरकारलाई हानि नोक्सानी पुर्याएको रकम रु. ३०,०००।- समेत गरी बिगो रु. ८०,०००।- (असी हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम सजायँ गरी घुस रिसवत दिएको रकम रु.५०,०००।-ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असूल गरी जफत हुन र नेपाल सरकारलाई हानि नोक्सानि भएको रु. ३०,०००।–ऐ. ऐनको दफा १७ बमोजिम असुलउपर हुन;
- **प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजायँ गरी घुस/रिसवत लिएको रकम रू.५०,०००।- ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असूल गरी जफत हुन र नेपाल सरकारलाई हानि नोक्सानी पुगेको विगो रू. ३०,०००।–(तीस हजार ) ऐ. ऐनको दफा १७ बमोजिम असुलउपर हुन; र
- **प्रतिवादी हकिम अन्सारीले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा मतियार हुने कार्य कसूर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीहरु हकिम अन्सारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम नेपाल सरकारलाई हानि नोक्सानी भएको रु.३०,०००।–(तिस हजार) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय हुन

मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

विशेष अदालतको मिति २०८०/०९/२२ को फैसलाबाट निम्न आधारहरू लिई उक्त आरोपमा आंशिक कसूर ठहर भएकोः-

- प्रतिवादी हकीम अन्सारीले निज उषाकुमारी रामलाई तलब भत्ता वुझाएको भन्ने तथ्यलाई अन्यथा भन्न सकिने अवस्था नरहेको। यसबाट निज हकीम अन्सारीको संलग्नता खम्बिर हुन आएन।
- प्रतिवादी उषाकुमारी रामको अनुसन्धान अधिकारी समक्षको बयानबाट देखिए पनि निज स्वयंले यस तथ्यलाई यस अदालतमा स्पष्ट ईन्कारी गरेको। प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले उक्त आरोपलाई यस अदालत समक्ष मात्र नभई अनुसन्धान अधिकारी समक्षकै बयानमा इन्कारी गरेको। उक्त तथ्य पुष्टि हुने अन्य

आधारसमेत मिसिलबाट नदेखिदा घुस लिए दिएको भन्नेतर्फको आरोप दाबी पनि सबुत प्रमाणबाट खम्बिर हुन आएन

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०५।२७ मा पुनरावेदन गरिएको छः-

**देहाय:**

क) प्रतिवादी उषा कुमारी रामले श्री जनसेवा प्रा.वि. जगरनाथपुर सिरामा कार्यरत रहँदा पेश गरेको जिल्ला शिक्षा कार्यालय विरगंज पर्साको सरुवापत्रका सम्वन्धमा जिल्ला शिक्षा कार्यालय पर्साको सक्कल चलानी रजिष्टरमा जाँच गर्दा पत्र चलानी भएको र सो पत्र श्री मंगल उच्च मा.वि. भिषवा पर्सालाई जानकारी गराएको भन्ने विषयमा पत्राचार भएको देखिँदा निजले पेश गरेको पत्रमा उल्लेख चलानी नम्वर, मिति र विषय मेल नखानुका साथै उक्त अवधिमा जिल्ला शिक्षा कार्यालय पर्सामा कार्यरत जिल्ला शिक्षा अधिकारीले कागजात हेरी पढी आफ्नो दस्तखत होइन भनि सनाखत गरिदिएका व्यहोरा लगायत प्रतिवादी उषा कुमारी रामले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा मलाई उक्त पत्र राजेश्वर प्रसाद चौरसियाले विभिन्न दस्तुरहरुको बहानामा रु. ५०,०००।- लिएर उपलव्ध गराएका हुन् भनि बयान गरेको देखिएबाट प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रतिवादी उषा कुमारी रामले प्रतिवादी राजेश्वर प्रसाद चौरसियासंग मिलेमतो गरी दस्तुरको बहानामा घुस रिसवत लिए/दिएको अनुसन्धानको बयानबाट स्पष्ट देखिएको अवस्थामा सो कुरालाई प्रमाणमा लिई आरोपदावी बमोजिम प्रतिवादीहरु उषा कुमारी राम र प्रतिवादी राजेश्वर प्रसाद चौरसियालाई सजाय गर्नु पर्नेमा घुस/रिसवत तर्फको आरोपदावीमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

ख) अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छूट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार पनि निज उपर नै हुन्छ भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित भएको अवस्थामा प्रतिवादीहरुले घुस/रिसवत नलिए/नदिएको कुराको प्रमाण पुऱ्याउने भार निजहरुमा निहित हुनेमा निजहरुले कुनै प्रमाण पेश गर्न नसकेको देखिदा प्रतिवादीहरु उषा कुमारी राम र राजेश्वर प्रसाद चौरसियालाई मागदावीमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

**ग)** प्रतिवादी हकिम अन्सारीले शिक्षकको कुनै प्रमाण विनानै शिक्षकको रुपमा तलवभत्ता समेत भुक्तानी दिलाउन गैरकानूनी लाभ प्राप्त गर्न प्रतिवादी हकिम अन्सारीले जगरनाथपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (वि.नि.) राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिका निर्वाह गरेको प्रतिवादी उषा कुमारी रामले अनुसन्धान अधिकारी समक्ष गरेको वयान कागजबाट देखिएबाट प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रतिवादी उषाकुमारी रामले अनुसन्धानको बयानमा व्यक्त गरेको कुरालाई प्रमाणमा लिई आरोपदावी बमोजिम प्रतिवादी हकिम अन्सारीलाई कसुर कायम गरी सजाय गर्नुपर्नेमा सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

प्रवक्ता

नरहरि घिमिरे

<u>**देहायः**</u>

| सि.न | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्र. उषाकुमारी राम, राजेश्वर प्रसाद चौरासिया र हकिम अन्सारी** (वि.अ. को मु.नं. ०७६-CR-००९१), वि.अ. को फैसला मिति २०८०।०९।२२) | **घुस रिसवत लिई नक्कली तथा गलत कागजातहरुको आधारमा शिक्षक नियुक्ती गरी तलव भत्ता समेत भुक्तानी दिई नेपाल सरकारलाई हानिनोक्सानी पुर्याई भ्रष्टाचार गरेको** | **प्रतिवादी उषा कुमारी रामले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ द्वारा परिभाषित कसुर समेत गरेको देखिँदा निज उषा कुमारी राम उपर दस्तुरको बहानामा राष्ट्रसेवकलाई घुस रिसवत वापत दिएको रकम रु. ५०,०००।- र नक्कली तथा गलत कागजातबाट विद्यालयमा कार्यरत रही तलव भत्ता वुझिलिइ नेपाल सरकारलाई हानि नोक्सानी पुर्याएको रकम रु. ३०,०००।- समेत गरी विगो रु. ८०,०००।- (असी हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम सजायँ गरी घुस रिसवत दिएको रकम रु.५०,०००।– ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असूल गरी जफत हुन र नेपाल सरकारलाई हानि नोक्सानि भएको रु. ३०,०००।– ऐ. ऐनको दफा १७ बमोजिम असुलउपर हुन मागदावी लिईएको, **प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ | **फैसलाः**<br>प्रतिवादी उषाकुमारी राम र राजेश्वर प्रसाद चौरासियाको मिलोमतोमा नक्कली कागजात बनाई प्रतिवादी उषाकुमारी रामले शिक्षकको रुपमा तलब भत्ता वापत रु.३०,०००/- लिई बदनियतपूर्वक नेपाल सरकारको हानि नोक्सानी पुयाएको देखिन आयो।निज प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ विपरीत कसूर गरेको देखिन आएकोले सोही दफा बमोजिम दुबै प्रतिवादीहरुबाट जनही बिगो रु.१५,०००/- असुल गरी दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जनही जरिबाना रु.१५,०००/- र उपदफा (१) कै खण्ड (क) बमोजिम जनही १ (एक) महिना कैदको सजाय हुने ठहर्छ।अर्का प्रतिवादी हकिम अन्सारीले मतियारको भूमिका निर्वाह गरेको तथ्य सबुत प्रमाणबाट पुष्टि हुन नआएकोले निजका हकमा आरोप दाबी पुग्न नसक्ने भनी मिति २०८०/०९/२२ मा फैसला भएको देखिन्छ।<br>**विशेष अदालत काठमाडौंले फैसला गर्दा निम्न आधार ग्रहण गरेको देखिन्छः**<br>**क.** प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको कार्य जिम्मेवारी र हैसियत यो कसूरसँग सम्बन्धित नै नरहेको अवस्था होईन । निजको जिल्ला शिक्षा कार्यालय सम्मको पहुँच, शिक्षकहरुको दरवन्दी र अभिलेखसम्मको पहुँच, पारिश्रमिकको सिफारिस गर्दा शिक्षकको नाम सहितको सूची बनाउनु पर्ने कर्तव्य भएकोमा नबनाई गोश्वारा रकमको सिफारिस गरेको अवस्था एवं यो मुद्दा र लगाउमा रहेका समग्र मुद्दाहरुको स्थिति मध्येनजर गर्दा विवादित नक्कली कागजातहरु बनाई प्रतिवादी उषाकुमारी रामलाई श्री जनसेवा प्रा. वि. जगरनाथपुर सिराबाट एकैचोटी रु. ३०,०००।- तलव भत्ता भुक्तानी गरेको आरोपित कसूरमा यी प्रतिवादीहरु राजेश्वर प्रसाद चौरसियाको समेत संलग्नता देखिन आयो ।<br>**ख.** प्रतिवादी हकीम अन्सारीले पनि यस अदालतमा बयान गर्दा निज राजेश्वर प्रसाद चौरसियाले नै उषाकुमारी रामलाई बाल विकास सहयोगीको दरबन्दी सहित सरुवा पत्र बनाई हाजिर हुन ल्याएकोले निजले भने बमोजिम नै मैले हाजिर गराइ काम गरे बापत तलव भत्ता भुक्तानी गरेको हो भनी लेखाएको पाईन्छ। निज स्वयंले पनि नक्कली नियुक्ति पत्र | क.प्रतिवादी उषा कुमारी रामले श्री जनसेवा प्रा.वि. जगरनाथपुर सिरामा मिति २०७४।१।२७ देखि कार्यरत रहँदा विद्यालयमा पेश गरेको जिल्ला शिक्षा कार्यालय विरगंज पर्साको च.नं. १४२ मिति २०७४।२।१७ को सरुवापत्रका सम्वन्धमा जिल्ला शिक्षा कार्यालय पर्साको आ.व. २०७३।०७४ को सक्कल चलानी रजिष्टरमा जाँच गर्दा चलानी नंवर १४२ को पत्र मिति २०७३।४।१६ मा चलानी भएको र सो पत्र श्री मंगल उच्च मा.वि. भिषवा पर्सालाई जानकारी गराएको भन्ने विषयमा पत्राचार भएको देखिँदा निजले पेश गरेको पत्रमा उल्लेख चलानी नम्वर, मिति र विषय मेल नखानुका साथै उक्त अवधिमा जिल्ला शिक्षा कार्यालय पर्सामा कार्यरत जिल्ला शिक्षा अधिकारी केदार तिवारीले कागजात हेरी पढी आफ्नो दस्तखत होइन भनि सनाखत गरिदिएका व्यहोरा लगायत प्रतिवादी उषा कुमारी रामले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा मलाई उक्त पत्र जगरनाथपुर गाउँपालिका गाउँकार्यपालिकाका शिक्षा अधिकृत राजेश्वर प्रसाद चौरसियाले विभिन्न दस्तुरहरुको बहानामा रु. ५०,०००।- लिएर उपलव्ध गराएका हुन् भनि बयान गरेको देखिएबाट प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रतिवादी उषा कुमारी रामले प्रतिवादी राजेश्वर प्रसाद चौरसियासंग मिलेमतो गरी दस्तुरको बहानामा रु. ५०,०००।- घुस रिसवत लिए/दिएको अनुसन्धानको बयानबाट स्पष्ट देखिएको अवस्थामा सो कुरालाई प्रमाणमा लिई आरोपदावी बमोजिम प्रतिवादीहरु उषा कुमारी राम र प्रतिवादी राजेश्वर प्रसाद चौरसियालाई सजाय गर्नु पर्नेमा घुस/रिसवत तर्फको आरोपदावीमा सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण रहेको।<br>ख. प्रतिवादी उषा कुमारी रामले अनुसन्धानको क्रममा बयान गर्दा राजेश्वर प्रसाद चौरसियालाई विभिन्न किसिमका दस्तुरहरुको बहानामा पटक पटक गरी मसंगबाट रु. ५०,०००।- रिसवत लिएको भनी बयान गरेको अवस्थामा प्रतिवादीहरु उषा कुमारी राम र राजेश्वर प्रसाद चौरसिया बिच घुस/रिसवत बापत रु. ५०,०००।— लिए/दिएको पुष्टी हुन्छ। अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छूट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार पनि निज उपर नै हुन्छ भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित (ने.का.प २०६७ भाग ५२ अंक ४ निर्णय नं. ८३४०) भएको अवस्थामा प्रतिवादीहरु उषा कुमारी राम र राजेश्वर प्रसाद चौरसियाले घुस/रिसवत नलिए/नदिएको कुराको प्रमाण पुऱ्याउने भार निजहरुमा निहित हुनेमा निजहरुले घुस/रिसवत नलिएको/नदिएको कुनै प्रमाण पेश गर्न नसकेको देखिदाँ प्रतिवादीहरु उषा कुमारी राम र राजेश्वर प्रसाद चौरसियालाई घूस/रिसवत लिए/दिएको तर्फको आरोपपत्र मागदावीमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।<br>ग. कुनै प्रमाण विना शिक्षक पदमा नियुक्ति गरी तलवभत्ता भुक्तान गर्नु आफैमा कानुन विपरितको कार्य हो। विद्यालयका प्रधानाध्यापक हकिम अन्सारीले सोही नक्कली काजगातको आधारमा नियुक्ति गरेको देखिन्छ। निज प्रतिवादी हकिम अन्सारीले शिक्षकको कुनै प्रमाण विनानै शिक्षकको रुपमा तलवभत्ता समेत भुक्तानी दिलाउन गैरकानूनी लाभ प्राप्त गर्न प्रतिवादी हकिम अन्सारीले जगरनाथपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (वि.नि.) राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिका निर्वाह गरेको प्रतिवादी उषा कुमारी रामले अनुसन्धान अधिकारी समक्ष गरेको वयान कागजबाट देखिएबाट प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रतिवादी उषाकुमारी रामले अनुसन्धानको बयानमा व्यक्त गरेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | को उपदफा (१) को खण्ड (ग) बमोजिम सजायँ गरी घुस/रिसवत लिएको रकम रू.५०,०००।- ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असूल गरी जफत हुन र नेपाल सरकारलाई हानि नोक्सानी पुगेको विगो रू. ३०,०००।– (तीस हजार ) ऐ. ऐनको दफा १७ बमोजिम असुलउपर हुन मागदावी लिईएको, **प्रतिवादी हकिम अन्सारीले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा मतियार हुने कार्य कसूर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीहरु हकिम अन्सारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम नेपाल सरकारलाई हानि नोक्सानी भएको रु.३०,०००।– (तिस हजार) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय हुन मागदावी लिईएको | सरुवा पत्र पेस गरी तलव भत्ता बुझी भ्रष्टाचार गरेको भन्ने अभियोगमा यसै लगाउमा रहेको ०७६-CR-००८५ मुद्दामा ठहर भैसकेको र उक्त मुद्दामा यीनै प्रतिवादी राजेश्वर चौरसिया समेतको संलग्नता पुष्टि भैसकेको परिप्रेक्ष्यमा हकीम अन्सारीले यी प्रतिवादीकै आदेशानुसार निज उषाकुमारी रामलाई तलब भत्ता वुझाएको भन्ने तथ्यलाई अन्यथा भन्न सकिने अवस्था रहेन । यसबाट निज हकीम अन्सारीको संलग्नता खम्बिर हुन आएन ।<br>**ग.**यस मुद्दामा रु.५०,०००। प्रतिवादी उषाकुमारी रामले प्रतिवादी राजेश्वर प्रसाद चौरसियालाई दिएको र लिएको हुँदा घुस रिसवततर्फ पनि उक्त रकम बिगो कायम गरिएको हुँदा सोतर्फ पनि विचार हुन आवश्यक देखियो । उक्त रकम लेनुदिनु भएको तथ्य प्रतिवादी उषाकुमारी रामको अनुसन्धान अधिकारी समक्षको बयानबाट देखिए पनि निज स्वयंले यस तथ्यलाई यस अदालतमा स्पष्ट ईन्कारी गरेको पाईन्छ। प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले उक्त आरोपलाई यस अदालत समक्ष मात्र नभई अनुसन्धान अधिकारी समक्षकै बयानमा इन्कारी गरेको पाईन्छ उक्त तथ्य पुष्टि हुने अन्य आधारसमेत मिसिलबाट नदेखिदा घुस लिए दिएको भन्नेतर्फको आरोप दाबी पनि सबुत प्रमाणबाट खम्बिर हुन आएन। | कुरालाई प्रमाणमा लिई आरोपदावी बमोजिम प्रतिवादी हकिम अन्सारीलाई कसुर कायम गरी सजाय गर्नुपर्नेमा सफाइ दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण रहेको। |